# करैयामाई गाउँपालिका
## Karaiyamai Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madesh Province, Nepal)
स्था.:२०७३ (Estd. 2073)

पत्र संख्या/Letter No: ०८१।८२
चलानी नं./Ref. No.:: १२०६

मिति/Date: २०८१/१०/१३


श्री सहकारी संस्थाहरु सबै,
करैयामाई गाउँपालिका ,करैया,बारा

विषयः <u>जानकारी सम्बन्धमा।</u>

प्रस्तुत विषयमा सहकारी ऐन २०७४ को दफा ३९ को उपदफा २, सहकारी नियमावली २०७५ को नियम १८ तथा करैयामाई गाउँपालिका सहकारी ऐन २०७५ को दफा ५६ को उपदफा १ प्रयोजनार्थ मिति २०८१ पौष मसान्तसम्म सबै सहकारी संस्थाहरुले आ-आफ्नो साधारणसभा सम्पन्न गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेको सबै सरोकारीत पक्षहरुलाई सर्वविविदतै छ । यस गाउँपालिकाको क्षेत्राधिकार भित्र रही संचालित सहकारी संस्थाहरुले आफूले गरेको साधारण सभा सँग सम्बन्धित फाईलहरु नियामक निकायलाई अनिवार्य रुपमा जानकारी गराउनुहुन पर्ने कानुनी व्यव्था बमोजिम सम्बन्धित सबै संस्थाहरुलाई यहि मिति २०८१ माघ मसान्त भित्र विवरणहरु बुझाउनुहुन समेत सूचित गरिन्छ ।साथै सहकारी सँग सम्बन्धित प्रयोग भईरहेको विधुतिय अभिलेख ( कोपोमिस प्रणाली ) मा आफ्नो कागजात अनिवार्य रुपमा लिपिवद्ध गर्नुहुन समेत जानकारी गराईन्छ ।

साथै, सहकारी ऐन २०७४ को दफा ४१ को उपदफा ५ मा व्यव्था भए अनुसार कुनै एक व्यक्तिले एकभन्दा बढी सहकारी संस्थाहरुको संचालक भए सोहि एनको दफा ४४ को उपदफा 'ग' बमोजिमको प्रकृया गरिने भएकोले सो लाई समेत मध्यनजर गर्दै संचालक समितिको सबै विवरणहरु यस कार्यालयमा बुझाउनुहुन सूचित गरिन्छ । नियमानुसार प्रक्रिया पुरा नगर्ने, नियामक निकायलाई जानकारी नगराई साधारण सभा गर्ने सहकारी संस्थाहरुलाई नियामक निकायबाट प्रचलित नियमानुसारको कानुनी कारवाही समेत गरिने यसै पत्रासाथ सूचित गरिन्छ ।

........................................
वीरेन्द्र महतो
नि.प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र महतो
नि. प्रमुख प्रशासकीय अधिकृत